# सिद्धिचरण नगरपालिका, ओखलढुंगा
# बजार अनुगमन प्रतिवेदन २०७५

## १. पृष्ठभुमी

सिद्धिचरण नगरपालिका बजार अनुगमन निर्देशिका, २०७५ ले स्पष्ट निर्देशगरे बमोजिम सिद्धिचरण नगरपालिका बजार अनुगमन टोली गठन भई अनुगमन सम्वन्धी कार्य नियमित गदै आईरहेको छ । बजारमा अखाद्य वस्तुलाई जफत गरी नष्ट गर्ने, म्याद गुज्रिएका सामानहहरु वरामद गरी नष्ट गर्ने, नागरिकको जनस्वास्थ्यमा प्रतिकुल असर गर्ने वस्तुलाई नष्ट गर्ने, व्यवसाय दर्ता नगरेकालाई दर्ता गर्न लगाई करको दायरामा ल्याउने, गैर कानूनी तवरले संचालनमा रहेका पसल, उद्योग, व्यवसाय, कारोवार लगायतका अन्य व्यापरिक क्रियाकलापलाई नियन्त्रण गर्ने लगायतका विभिन्न उदेश्य राखि बजार अनुगमन कार्यलार्य अगाडी वढाईएको छ ।

यसै सन्दर्भमा मिति २०७५।९।४ गते सिद्धिचरण नगरपालिका वाड नं. ११ स्थित रमाईलो डाँडामा रहेका विभिन्न होटल, लज, किराना पसल, मदिर पसल, मदिर डिपो लगायतका अन्य व्यवसाय संचालन गरिरहेका स्थानमा अनुगमन गर्दा देहायनुसारको गतिविधि पाईएकोले सोही अनुसार प्रतिवेदन बनाई सिद्धिचरण नगरपालिका, उपभोक्त हित संरक्षण समितिका संयोजक नगर उपप्रमुख ज्यू समक्ष यो प्रतिवेदन तयार गरी पेश गरेको छु ।

### अनुगमन टोलिमा सहभागीहरु

१. सयोजक :- राजु खनाल, सि न पा

२. स प्र जिल्ला अधिकारी श्री रविन्द्र प्रसाद पौड्याल, जिल्ला प्रशासन का., ओखलढुंगा,

३. ईन्सपेक्टर श्री राजिव श्रेष्ठ, जिल्ला प्रहरी कार्यालय, ओखलढुंगा,

४. स्वास्थ्य अधिकृत श्री आईत बहादुर राई, स्वास्थ्य शाखा, सि न पा

५. ना सु विदेश खनाल, राजश्व शाखा, सि न पा

६ कृषि प्रा.स. श्री भिम वहादुर दर्जी, कृषि शाखा सि न पा

७. नवराज पुरी, प्रतिनिधि, उद्योग वाणिज्य संघ, ओखलढुंगा

८. अन्य प्रहरी सुरक्षाकर्मीहरु, संचारकर्मीहरु र सम्वन्धित सरोकारवाला पक्षहरु

**अनुगमन गरिएको मिति** :- २०७५।९।४ गते

**स्थान** :- सिद्धिचरण नगरपालिका वाड नं. ११ रमाईलो डाँडा

**अनुगमनको क्षेत्र** :- मदिरा डिपो, होटल, लज, मदिरा पसल, किराना पसल आदि ।

**अनुगमन वाट प्राप्त भएका नतिजाहरु :-**

**१. न्यु सपना होटल एण्ड लज रमाईलोडाँडा, ओखलढुंगामा** अनुगमन गर्दा उक्त होटल एण्ड लजले व्यवसाय सचालन गर्दा लिनु पर्ने आवश्यक कागजातहरु समयमै नवीकरण नगरेकोले नगरपालिका लगायत अन्य सम्वन्धीत निकायमा ७ (सात) दिन भित्र नवीकरण गरी नगरपालिकालाई जानकारी दिन निर्देशन गरियो,

उक्त होटल एण्ड लजले अन्त शुल्कमा दर्ता नभई मदिरा विक्री वितरण गरेकोले ७ (सात) दिन भित्र अन्तःशुल्कमा दर्ता भई नगरपालिकालाई जानकारी दिन निर्देशन गरियो

**२. सगरमाथा होटल एण्ड लजमा** अनुगमन गर्दा उक्त होटल एण्ड लजले मूल्य सूची नराखेको, व्यवसाय दर्ता नवीकरण नगरेको, म्याद नाघेका उपभोग्य सामानहरु राखेको, विलिङ प्रक्रिया फितलो रहेको जस्ता कार्यहरु भेटिएकोलले यस्ता कार्यहरु ७ (सात) दिन भित्र सकेर नगरपालिकालाई जानकारी दिने निर्देशन दिईयो । साथै म्याद सकिएका ५ वोतल किङफिशर वियर र १० वोतल कार्सवर्ग वियर जफत गरियो,

**३.** एस एन एस स्टोर एण्ड सप्लायर्समा अनुगमन गर्दा उक्त सप्लायर्स मदिराको डिपो रहेको पाईयो सो डिपोमा साईन बोर्ड नराखेको, व्यवसाय ईजाजत पत्र सवैले देख्ने ठाँउमा नराखेको र म्याद नाघेका मदिराहरु अत्याधिक मात्रामा रहेका साथै त्यस्ता मदिराहरु समेत विक्री वितरण गर्ने पाईएकोले उक्त डिपोमा शिलवन्दी गरी ३ दिन भित्र सवै म्याद नाघेका मदिरा फिर्ता वा नष्ट गर्न निर्देशन दिईयो ।

**४. लक्ष्मी स्टोरमा** अनुगमान गर्दा वडा कार्यालयमा व्यवसाय दर्ता नगरेको साथै अन्य ईजाजत र दर्ता कागजातहरु देखिने गरी नराखेको र मूल्य सुची समेत नराखेकोले सो कार्य ७ (सात) दिन भित्र सम्पन्न गर्न निदेशन गरियो,

**५. प्रेरणा कोल्ड स्टोरमा** अनुगमान गर्दा व्यवसाय दर्ता नवीकरण नगरेकोले सो कार्य ७ (सात) दिन भित्र गरी नगरपालिकालाई जानकारी गराउन निर्देशन गरियो साथै म्याद

नाघेका ६ वोतल सान मिगेल वियर, २ वोतल ट्युवर्ग क्यान वियर, १ वोतल किङफिशर वियर र ३ वोतल ट्युवर्ग वियर जफत गरियो,

**६. शेर्पा किराना पसलमा** अनुगमन गर्दा मूल्य सुचि नराखिएको, साईनबोर्ड नराखिएको र वडामा व्यवसाय नवीकरण नगरेको पाईएकोले सो कार्य ७ (सात) दिन भित्र गर्न निर्देशन गरियो ।

## सुझाव

नगरपालिका भित्र संचालित कैयौ व्यवसायहरु कानूनी प्रक्रिया पुरा नगरी संचालनमा रहेको, म्याद गुज्रेका सामानहरु प्रशस्त भेटिएका साथै मूल्य सुची नराखेको लगायतका समस्याहरु प्रशस्त मात्रामा भेटिएकोले बजार अनुगमनलाई प्रभावकारी वनाई नागरिकको स्वास्थ्यमा खेलवाड गर्ने व्यवसायीलाई आवश्यक कारवाही गरी नगरपालिकाको करको दायरामा ल्याउनु समेत जरुरी देखिन्छ ।

## वोधार्थ प्रति

श्री जिल्ला प्रशासन कार्यालय, ओखलढुंगा ।
श्री जिल्ला प्रहरी कार्यालय, ओखलढुंगा ।
श्री उद्योग वाणिज्य संघ, ओखलढुंगा ।
श्री होटल व्यवसायी संघ ओखलढुंगा ।

राजु खनाल
**संयोजक**
बजार अनुगमन टोली
सिद्धिचरण नगरपालिका

# फोटो ग्यालरी




बजार अनुगमन गर्दै अनुगमन टोली



बजार अनुगमन गर्दै अनुगमन टोली



शिलवन्दी गरिएको मदिराको डिपो